# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित प्रथम र द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) पदहरुको

# जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २८४/०७४-७५**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७४/७/२८ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्तहरु आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र यसरी प्राप्त हुन आएका दरखास्त फारामहरुलाई दरखास्त व्यवस्थापन केन्द्रले बढुवा सूचना नम्बर अनुसार संकलन गरी एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(घ) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(च) दरखास्त दस्तुर रा.प. प्रथम श्रेणीको लागि रु. १,५००।- (एक हजार पाँच सय) र रा.प. द्वितीय श्रेणीको लागि रु. १,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ ।

## विवरण

**क) राजपत्राङ्कित प्रथम श्रेणी**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या | क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ रा.प. प्रथम श्रेणी | | | | | | |
| १. | १/०७४-७५ | प्रशासन | २१ (एक्काइस) | २. | २/०७४-७५ | लेखापरीक्षण | १ (एक) |
| (आ) | प्राविधिकतर्फ रा.प. प्रथम श्रेणी | | | | | | |
| १. | ३/०७४-७५ | आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ (एक) | २. | ४/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | १ (एक) |
| ३. | ५/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | २ (दुई) | ४. | ६/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | १ (एक) |
| ५. | ७/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | १ (एक) | ६. | ८/०७४-७५ | इञ्जिनियरिङ्ग, सर्भे | १ (एक) |
| ७. | ९/०७४-७५ | कृषि, बाली विकास | १ (एक) | ८. | १०/०७४-७५ | कृषि, भेटेरिनरी | १ (एक) |
| ९. | ११/०७४-७५ | कृषि, खा.पो.गु.नि. | १ (एक) | १०. | १२/०७४-७५ | वन, जनरल फरेष्ट्री | १ (एक) |
| ११. | १३/०७४-७५ | शिक्षा, शिक्षा प्रशासन | १ (एक) | | | | |

**ख) राजपत्राङ्कित द्वितीय श्रेणी**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या | क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ रा.प. द्वितीय श्रेणी | | | | | | |
| १. | १४/०७४-७५ | परराष्ट्र | १ (एक) | २. | १५/०७४-७५ | प्रशासन, सामान्य प्रशासन | ३१ (एकतीस) |
| ३. | १६/०७४-७५ | प्रशासन, लेखा | ६ (छ) | ४. | १७/०७४-७५ | प्रशासन, राजश्व | ६ (छ) |
| ५. | १८/०७४-७५ | लेखापरीक्षण | ३ (तीन) | | | | |
| (आ) | प्राविधिकतर्फ रा.प. द्वितीय श्रेणी | | | | | | |
| १. | १९/०७४-७५ | आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | २ (दुई) | २. | २०/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | ३ (तीन) |
| ३. | २१/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | ३ (तीन) | ४. | २२/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | २ (दुई) |
| ५. | २३/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, वि.एण्ड.आ. | २ (दुई) | ६. | २४/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | २ (दुई) |
| ७. | २५/०७४-७५ | इञ्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | २ (दुई) | ८. | २६/०७४-७५ | इञ्जिनियरिङ्ग, मेकानिकल, नि.उ.स. | १ (एक) |
| ९. | २७/०७४-७५ | इञ्जिनियरिङ्ग, सि.ए.अ.ई./सि.ए.अ. | १ (एक) | १०. | २८/०७४-७५ | इञ्जिनियरिङ्ग, सर्भे | ४ (चार) |
| ११. | २९/०७४-७५ | कृषि, कृषि प्रसार | २ (दुई) | १२. | ३०/०७४-७५ | कृषि, बागवानी | १ (एक) |
| १३. | ३१/०७४-७५ | कृषि, मत्स्य | १ (एक) | १४. | ३२/०७४-७५ | कृषि, ला.पो. एण्ड डे.डे. | १ (एक) |
| १५. | ३३/०७४-७५ | कृषि, बाली विकास | १ (एक) | १६. | ३४/०७४-७५ | कृषि, बाली संरक्षण | ५ (पाँच) |
| १७. | ३५/०७४-७५ | कृषि, एगृ.इको. मार्केटिङ्ग एण्ड स्टाटिस्टिक्स | २ (दुई) | १८. | ३६/०७४-७५ | कृषि, भेटेरिनरी | २ (दुई) |
| १९. | ३७/०७४-७५ | वन, जनरल फरेष्ट्री | ७ (सात) | २०. | ३८/०७४-७५ | वन, स्वायल एण्ड वाटर कन्जरभेशन | १ (एक) |
| २१. | ३९/०७४-७५ | वन, बोटानी | १ (एक) | २२. | ४०/०७४-७५ | वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | १ (एक) |
| २३. | ४१/०७४-७५ | विविध, प्रमुख महिला विकास अधिकृत | १ (एक) | २४. | ४२/०७४-७५ | शिक्षा, शिक्षा प्रशासन | १० (दश) |
| २५. | ४३/०७४-७५ | शिक्षा, पुरातत्व | १ (एक) | २६. | ४४/०७४-७५ | शिक्षा, पुस्तकालय विज्ञान | १ (एक) |